शान्ति, न्याय तथा मिलापका लागि ख्रिष्टियन प्रयास
Christian Efforts for Peace, Justice and Reconciliation
(CEPJAR)
Kathmandu, Nepal.
Estd. 2003
Phone No. 4-278544

Ref. No:                                                Date: ..............................................

# प्रेस विज्ञप्ति

नेपालको क्रिश्चियन समुदाय नेपाल कम्युनिस्ट पार्टी (माओवादी) द्वारा हालै गरीएको एकतर्फी युद्धविरामको श्वागत गर्दछ । साथै विभिन्न राजनितिक दलहरु, नागरिक समाज, गैरसरकारी संघ संस्था, बौद्धिक समुदाय तथा आम नागरीकले उक्त युद्धविरामप्रति ब्यक्त गरेको सकारात्मक प्रतिक्रियाको पनि हामी स्वागत गर्दछौं । यो युद्धविराम निश्चयनै श्वागतयोग्य कदम हो र यसलाई दिगो युद्धविराम तथा दिगो शान्तिमा परिणत गर्न समाजका हरेक वर्ग र अन्तराष्ट्रिय समुदायले पूर्ण प्रयास गर्नुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ ।

साथै हामी नेकपा माओवादीद्वारा गरिएको एकतर्फी युद्धविरामलाई सकारात्मक रुपमा लिई आफ्नो तर्फबाट पनि युद्धबिरामको घोषणा गर्न श्री ५को सरकारलाई अनुरोध गर्दछौं ।

नेपालको क्रिश्चियन समुदाय सदा शान्तिको पक्षमा रहँदै आएको छ र वर्तमान द्वन्दलाई शान्तिपूर्ण रुपले बार्ता र छलफलको माध्यमवाट समाधान गर्न सबै प्रकारको भुमिका निभाउन तयार रहेको छ ।

हामी वर्तमान द्वन्दको निकासको निम्ति वार्तानै निर्विकल्प उपाय हो भन्ने हाम्रो पूर्व मान्यतालाई पुनः दाहोचाउन  चाहन्छौं । साथै यस नयाँ परिस्थितिमा नेपालको क्रिश्चियन समुदाय शान्ति वार्ताको निम्ति विश्वासको वातावरण निर्माण गर्न श्री ५को सरकार र नेकपा माओवादी समक्ष हार्दिक अनुरोध गर्दछ ।

डा. के.बी.रोकाया
संयोजक
सेपजार

१९ भाद्र २०६२